# कृतज्ञता

अनुसन्धान भनेको एक्लैले हाँक्न सक्ने कुरा कदापि होइन। जसरी एउटा भवनको निर्माणमा इँटा, ढुङ्गा, बालुवा, सिमेन्ट आदि थोकको आवश्यकता पर्छ उसरी नै अनुसन्धानमा पनि विज्ञजन र गुणीजनहरूको विचार, परामर्श, सहयोग र सुझाउको आवश्यकता पर्दो रहेछ। यो शोधकार्य सम्पन्न गर्न धेरै विज्ञजन र गुणीजनहरूको सहयोग र सुझाउ प्राप्त भएको थियो र उहाँहरूप्रति कृतज्ञता प्रकट गर्न म आफ्नो कर्तव्य ठान्दछु। प्रथमतः आफ्ना अमूल्य सुझाउ र उचित निर्देशनले मलाई अनुगृहीत तुल्याउनु हुने मेरा शोध निर्देशक गुरुवर डा पुष्कर पराजुली, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालयप्रति अशेष श्रद्धासँगै कृतज्ञता प्रकट गर्दछु। उहाँसँगको प्रत्येक भेटमा एउटा सकारात्मक उर्जा प्राप्त भएको मैले अनुभव गरेको छु जसले मलाई आफ्नो शोधकार्यमा प्रवृत रहन प्रोत्साहित गरिरह्यो। मप्रति उहाँको विश्वास र प्रेमपूर्ण व्यवहारले पनि मभित्र उत्साह सञ्चार भएको कुरा साझा गर्न चाहन्छु।

आदरणीय गुरु डा मोहन पी दाहालले यस शोधकार्यसँग सम्बन्धित कतिपय महत्त्वपूर्ण जानकारी र पुस्तक जुटाइदिएर ठुलो सहयोग पुऱ्याउनु भएको छ भने समय समयमा यस कामका निम्ति झक्झक्याएर मलाई उत्साह प्रदान गर्नु भएको छ। उहाँको यस्तो उदारता र स्नेहका निम्ति उहाँप्रति भक्ति भाव प्रकट गर्दछु। समयमा नै शोधकार्य पूर्ण गर्न सदैव प्रोत्साहित गर्नु हुने आदरणीय गुरु डा घनश्याम नेपालप्रति पनि म सश्रद्धा कृतज्ञता प्रकट गर्दछु। उहाँकै परामर्शअनुसार यस शोध प्रबन्धको विषय चयन गरिएको हो। समय समयमा मेरो शोधकार्यबारे जानकारी लिएर “छिट्टै सक्नु पर्छ है” भन्दै स्नेहाशिष व्यक्त गर्नु हुने मेरा गुरुहरू डा नरेशचन्द्र खाती (अवकाशप्राप्त)

अनि डा कृष्णराज घतानी (विभागाध्यक्ष, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय) प्रति पनि म आन्तरिक हृदयबाट कृतज्ञता प्रकट गर्दछु। त्यसरी नै उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभागका अन्य प्राध्यापकगण डा सन्जय राई, डा डपछिरिङ लेप्चा र प्रा कृष्णमाया मगरलाई पनि यहाँ सम्झेको छु।

युद्ध र युद्ध-उपन्याससम्बन्धी मेरा जिज्ञासा र प्रश्नहरूको उत्तर दिई सहयोग पुऱ्याउनु हुने भूतपूर्व सैनिक एवम् युद्ध-साहित्य सर्जकहरू - श्री गणेश राई (बेलायत) र श्री काङमाङ नरेश राई (बेलायत) प्रति कृतज्ञता प्रकट गर्दछु। त्यसरी नै आफ्ना युद्धानुभव मसँग साझा गरेर सहयोग गर्नु हुने भूतपूर्व सैनिकहरू श्री अम्बरसिँह गुरुङ (मिरिक), श्री देवान तामाङ (मिरिक), श्री विक्रमवीर थापा (मेघालय), श्री धनबहादुर तामाङ (मिरिक) प्रति पनि आभार प्रकट गर्दछु। त्यसरी नै गोर्खा राइफल्ससम्बन्धी पुस्तक र कतिपय जानकारी जुटाइदिएर मलाई सहयोग गर्नु हुने स्व मङ्गलसिँह सुब्बा (लेफ्टनेन्ट कर्नल, दार्जिलिङ) लाई पनि सश्रद्धा सम्झना गर्दछु।

इतिहासविद् डा कुमार प्रधानले गोर्खा सैनिक र उनीहरूले लडेका युद्धसम्बन्धी महत्त्वपूर्ण पुस्तक जोगाड गरिदिएर ठुलो सहयोग पुऱ्याउनु भएको थियो। आज उहाँ सशरीर हुनु हुन्न तर उहाँले जुन गुण लगाउनु भयो त्यसका निम्ति उहाँप्रति नतमस्तक छु। शोधको प्रारम्भिक चरणमा कतिपय सुझाउ र परामर्श दिएर सहयोग गर्नु हुने समालोचक डा गोविन्दराज भट्टराई (नेपाल) प्रति पनि कृतज्ञता प्रकट गर्दछु। शोधकार्यका अवधिमा डा कविता लामा (सिक्किम केन्द्रीय विश्वविद्यालय), गुरुवर श्री सिद्धार्थ राई (मिरिक), डा गीता छेत्री (दार्जिलिङ), श्री कृष्ण प्रधान (सिलगडी), प्रा विनेश प्रधान (दार्जिलिङ सरकारी महाविद्यालय), प्रा कवीर बस्नेत (दार्जिलिङ सरकारी महाविद्यालय), डा योगेश पन्थ (सन्त जोसेफ महाविद्यालय), डा बासुदेव थापा (कालिपद घोष तराई महाविद्यालय), प्रा प्रकाश राई (दार्जिलिङ सरकारी महाविद्यालय), डा दिपेन तामाङ (दार्जिलिङ सरकारी महाविद्यालय), डा देवचन्द्र सुब्बा (सिक्किम

केन्द्रीय विश्वविद्यालय), प्रा बलराम सापकोटा (सन्त जोसेफ महाविद्यालय) ले शोधसँग सम्बन्धित कतिपय सामग्री जुटाइदिएर मलाई ठुलो गुण लगाउनु भएको छ। यहाँहरूको सहयोग र मायाको निम्ति सधैं ऋणी रहने छु। त्यसरी नै शोधकार्यका समयमा मलाई प्रेरणा र प्रोत्साहन दिनु हुने मेरा शुभचिन्तकहरू प्रा साङगे डोमा डुक्पा, प्रा सुजाता रानी राई, डा राजकुमार छेत्री, प्रा नवीन पौडयाल, प्रा निमा शेर्पा, डा सुरेन्द्र चाम्लिङ, प्रा सदीप प्रधान, प्रा ज्ञानेन्द्र सुब्बा अनि सिलगडी नेपाली साहित्य संस्थानका साथीहरूलाई सप्रेम सम्झना गरेको छु।

यस शोधकार्यमा आधार सामग्रीको रूपमा प्रयोग गरिएका विभिन्न पुस्तक, पत्र-पत्रिका, शोधग्रन्थका लेखक, सम्पादक र शोधार्थीहरूप्रति सश्रद्धा आभार प्रकट गर्दछु। शोधकार्यका क्रममा विभिन्न पुस्तकालयबाट प्रशस्त लाभान्वित भएको छु। त्यसैले प्रत्येक पुस्तकालयका अधिकारी र कर्मचारीप्रति धन्यवाद चढाउँदछु।

मेरा दिवाङगत आपालाई पनि यहाँ सश्रद्धा सम्झना गरेको छु। लेखपढको समयमा मलाई विभिन्न प्रकारले सहयोग गर्नु हुने मेरी आमा, मलाई सदैव माया गर्नु हुने मेरा जोजो-भाउजू, नाना-भेना, आसेङ-आडीहरू, मलाई सधैं उत्साह प्रदान गर्ने मेरी श्रीमती अनि मेरा दुई सुपुत्र लुन्डुप तामाङ र म्हिग्याल तामाङलाई पनि यहाँ सप्रेम सम्झना गरेको छु।

Bhupen Tamang.

भुपेन तामाङ

नेपाली विभाग, दार्जिलिङ सरकारी महाविद्यालय, दार्जिलिङ



vi